# झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः५ संख्याः ३ मितिः २०७९/०९/३०

भाग १

## झिमरुक गाउँपालिका

प्रस्तावित मिति २०७९/०९/३०

पारित मिति २०७९/०९/३०

# झिमरुक गाउँपालिकाको संशोधित विनियोजन ऐन , २०८०

झिमरुक गाउँपालिका, प्युठानको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना** : झिमरुक गाउँपालिका, प्युठानको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप– धारा (२) बमोजिम झिमरुक गाउँपालिका, प्युठानको गाउँ सभाको पन्ध्रौं अधिवेशनमा यो संशोधित ऐन पेश गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस विधेयकको नाम "झिमरुक गाउँपालिकाको संशोधित विनियोजन ऐन , २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**</u> : (१)आर्थिक वर्ष २०८०/८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५० करोड ७४ लाख ७४ हजार ७ सय ६२ रुपैया १२ पैसा मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ <u>**विनियोजन**</u> : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त झिमरुक गाउँपालिका, प्युठानको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस आर्थिक वर्ष भित्रमा संघिय सरकार र प्रदेश सरकारबाट हस्तान्तरीत भई थप हुन सक्ने शर्सत, विषेश र समपुरक अनुदान यसै सभाबाट विनियोजन भएको मानिनेछ ।

## अनुसूची १
## (दफा २ संग सम्वन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ८,५४,०२,१५० | २,९५,५२,६१२.१२ | ०.०० | ११,४९,५४,७६२.१२ |
| २ | | वडा समिति | १,०३,४२,००० | ४,१९,९९,००० | ०.०० | ५,२३,४१,००० |
| ३ | | विषयगत शाखाहरु | ७,०६,२९,००० | ०.०० | ०.०० | ७,०६,२९,००० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | | लगानी (शेयर/ऋण) | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २२,२२,००,००० | १,०७,००,००० | ०.०० | २३,२९,००,००० |
| ७ | | संघीय सरकारबाट हस्तान्तरित | ५०,००,००० | ७०,००,००० | ०.०० | १,२०,००,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्यक्रम (विषेश अनुदान) | | | | |
| ८ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ०.०० | ५०,००,००० | ०.०० | ५०,००,००० |
| ९ | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २१,५०,००० | ७५,००,००० | ०.०० | ९६,५०,००० |
| १० | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ०.०० | १,००,००,००० | ०.०० | १,००,००,००० |
| | | जम्मा | ३९,५७,२३,१५० | ११,१७,५१,६१२.१२ | ०.०० | ५०,७४,७४,७६२.१२ |

झिमरुक गाउँसभाको बैठकबाट मिति २०८०/०९/२९ गते पारित यो ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ को उपदफा ८ बमोजिम प्रमाणित गर्दछु ।

(पित बहादुर महतरा क्षेत्री)
अध्यक्ष

मितिः- २०८०/१०/०३